# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा अनुगमन शाखा*

**प्रदेश स्वास्थ्य सेवाका अधिकृत सातौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. २१९/०८०-८१**

**प्रकाशन मितिः २०८०/११/१४**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सोही ऐनको दफा ३१, ३३, ३४, ३५, ३६, ३७, ३८ र ३९ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/१२/०४ गतेसम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेशमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (ख) र (३) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट spsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी आवश्यक कागजातहरू संलग्न गरी दरखास्त पेस गर्ने अन्तिम मितिः २०८०/१२/०४ गते भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः**

(क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २९, ३१, ३५, ३६, ३७, ३८, ३९ बमोजिमको योग्यता पुगेको।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय (निजामती) किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने र किताबखानामा आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सो को व्यक्तिगत अभिलेख (PIS) समेत संलग्न गर्नु पर्ने।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने र सो बमोजिम कागजातहरू संलग्न गर्नु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सोको विवरण र बागमती प्रदेशमा समायोजन भएको पत्र समेत पेस गर्नु पर्ने।

(च) दरखास्त दस्तुर रु. १,२००|- (एक हजार दुई सय)

(छ) दरखास्त दस्तुर बुझाउने स्थानः

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००

नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१०००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(ज) दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

(झ) विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

**विवरण**

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | १४१/०८०-८१ | ७ | स्वास्थ्य/हेल्थ एजुकेशन/स्वास्थ्य शिक्षा अधिकृत | ३ |
| २. | १४२/०८०-८१ | ७ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन/जनस्वास्थ्य अधिकृत | २ |
| ३. | १४३/०८०-८१ | ७ | स्वास्थ्य/विविध/बायोमेडिकल/बायोमेडिकल इन्जिनियर | १ |
| ४. | १४४/०८०-८१ | ७ | स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे./मेडिकल ल्याब टेक्नोलोजिष्ट | २ |
| ५. | १४५/०८०-८१ | ७ | स्वास्थ्य/फिजियोथेरापी/फिजियोथेरापिष्ट | १ |
| ६. | १४६/०८०-८१ | ७ | स्वास्थ्य/जनरल नर्सिङ/नर्सिङ अधिकृत | २ |
| ७. | १४७/०८०-८१ | ७ | स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी टेक्नोलोजिष्ट | २ |
| ८. | १४८/०८०-८१ | ७ | स्वास्थ्य/मे.ल्या.टे./मेडिकल माइक्रोबायोलोजी/माइक्रोबायोलोजिष्ट | १ |
| **कुल जम्मा** | | | | **१४** |